## अनुसूची -१

### (परिच्छेद ३ को दफा ८ की उपदफा (१) सँग सम्बन्धित)

### प्रस्ताव आव्हानको सूचना प्रथम पटक प्रकाशन मितिः-२०८०।११।१८

यस कार्यालयको आ.व २०८०।०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० बमोजिम देहायका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक कृषक/ समूह/ समिति/ सहकारी/फार्महरुले यो सूचना प्रकाशित भएको मितिले **१५ औं दिनसम्म** कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नहुन आह्वान गरिन्छ । साथै रीत नपुगी वा म्याद नाधि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | कार्यक्रम लागू हुने क्षेत्र | अनुदानका शर्तहरु |
|---|---|---|---|---|---|
| १ | मासु प्रवर्द्धन कार्यक्रम (बाखा/भेडा/बंगुर/पाडा लगायत) | १ | २० लाख ३८ हजार मात्र । | उ.गा.पा. भरि | क.फर्ममा मौजुदा कम्तिमा १० वटा माउ बाखा/ १० वटा माउ भेडा/ ५ वटा माउ भैसी तथा पाडापाडी तथा ५ वटा माउ बंगुर भएको हुनुपर्ने र थप गर्न ईच्छुक हुनुपर्ने । ख.फर्म भएको जग्गाको जग्गाधनि पुर्जा वा जग्गा स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि) ग. कृषि तथा पशुपन्छी विमा गरेको कृषक लाई प्राथमिकता दिईनेछ । |
| २ | माछा प्रवर्द्धन कार्यक्रम | १ | १० लाख मात्र । | उ.गा.पा. भरि | क.माछा पोखरी निर्माण हुने वा क्षेत्र विस्तार हुने जग्गाको जग्गाधनि पुर्जा वा जग्गा स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि) ख. कम्तिमा १ कठ्ठा क्षेत्रफलमा नायाँ पोखरी निर्माण वा क्षेत्र विस्तार हुनुपर्ने । |

**<u>थप आवश्यक कागजातहरुको सूची</u>**

१. इच्छुक कृषक/ समूह/ समिति/ सहकारी/फार्महरुले पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०को अनुसूची-२ र ३अनुसारका कार्ययोजना र निवेदन ।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

३. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि ।

४.सम्बन्धित वडा कार्यालयबाट दोहोरो सुबिधा नलिएको वा नहुने बारेको सिफारिस पत्र ।

५.स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

६. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि ।

७. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामाबली ।

८. यसै प्रकृतिको कार्यका लागि विगत २ (वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।

९.पशुहरुको विमा लेख जारी भएको विमा लेखको प्रतिलिपि ।

**नोटः** आवेदकहरुले निवेदन र संक्षिप्त कार्य-योजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाइट www.udaypurgadhimum.gov.np बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।थप जानकारीका लागि फोन नं.९८६५५०३८५५,९८६१८०७४४० मा सम्पर्क गर्न सकिनेछ ।

सकेश कुमार चौरसिया

प्रमुख प्रशासकीय अधिकृत